# डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय भरतपुर, चितवन ।

फोन नं.: ०५६–५२७९००

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ दफा (५) को उपदफा (३) बमोजिमको आ.व. २०७८/०७९ (पहिलो त्रैमास) मा सार्वजनिक गरेको विवरण**

१. **निकायको स्वरूप र प्रकृतिः** कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम सञ्चालित राष्ट्रियस्तरको लघुवित्त वित्तीय संस्था हो ।

२. **निकायको काम, कर्तब्य र अधिकारः** बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा ब्यवस्था भए बमोजिम "घ"वर्गको वित्तीय संस्थाले गर्नुपर्ने काम, कर्तब्य र अधिकार रहेको छ ।

३. **निकायमा रहने कर्मचारी संख्या र विवरणः** यस वित्तीय संस्थामा मिति २०७८ आश्विन मसान्तमा कार्यरत कर्मचारी संख्या ५७९ रहेको छ । वित्तीय संस्थाले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरू मार्फत भईरहेको छ । ब्यवस्थापन समुहका सदस्यहरूको नाम वित्तीय संस्थाको वेवसाईट www.ddbank.org.np मा राखिएको छ ।

४. **निकायबाट प्रदान गरिने सेवाः** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "घ" वर्गको ईजाजतप्राप्त संस्थाले प्रदान गर्नुपर्ने सम्पुर्ण सेवाहरू ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः** सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीको विवरण यस वित्तीय संस्थाको वेवसाईट www.ddbank.org.np अन्तर्गत Branch Network खण्डमा प्रकाशित गरिएको छ ।

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः** यस वित्तीय संस्थाले प्रदान गर्ने बिभिन्न सेवाको शुल्क तथा अवधि यस वित्तीय संस्थाको वेवसाईटमा www.ddbank.org.np अन्तर्गत Model and Services मा प्रकाशित गरिएको छ ।

७. **निर्णय गर्ने प्रकृया र अधिकारीः** वित्तीय कारोवारका सम्बन्धमा विभिन्न तहका अधिकारीहरूले विभिन्न प्रकारका निर्णय गर्न सक्ने प्रकृया मिलाइएको छ । प्रमुख कार्यकारी अधिकृत तथा यस वित्तीय संस्थाको सञ्चालक समिति अन्तिम निर्णयकर्ताको रूपमा रहेका छन् ।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारीः** समुह सदस्यहरूको गुनासो तथा उजुरी ब्यवस्थापन गर्नका लागि हाल केन्द्रिय स्तरमा प्रमुख कार्यकारी अधिकृतलाई गुनासो सुन्ने अधिकारीको रूपमा रहने ब्यवस्था गरिएको छ । निजको ठेगाना यस प्रकार रहेको छ ।

**श्री शेषरमण आचार्य (प्रमुख कार्यकारी अधिकृत )**
डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड कर्पोरेट कार्यालय सितापाईला, काठमाण्डौ फोन : ०१-५३८८६५०/केन्द्रीय कार्यालय भरतपुर, चितवन, फोन : ०५६-५२७९००

९. **सम्पादन गरेको कामको विवरणः** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम 'घ'वर्गको संस्थाले गर्न सक्ने सम्पुर्ण कारोवारहरू सम्पादन भइरहेका छन् ।

१०. **सूचना अधिकारीको नाम र पदः** सदस्यहरूलाई आवश्यक सूचना प्रदान गर्न तपशिल बमोजिमको अधिकारीलाई तोकिएको छ ।

**श्री ज्ञानेन्द्रप्रसाद अर्याल (का.मु. मुख्य प्रबन्धक )**
डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड कर्पोरेट कार्यालय सितापाईला, काठमाण्डौ फोन : ०१-५३८८६५०/केन्द्रीय कार्यालय भरतपुर, चितवन, फोन : ०५६-५२७९००

११. **ऐन, नियम तथा विनियमको सूचीः** प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरू वित्तीय संस्थाले पालना गर्नुपर्ने हुन्छ भने देहाय बमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरू बैकिङ्ग कार्यका लागि प्रमुख रूपमा रहेका छन् ।

१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३,
२. नेपाल राष्ट्र बैंक ऐन,२०५८,
३. कम्पनी ऐन, २०६३,
४. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
५. सम्पत्ति शुद्धिकरण (मनिलाउण्डरिङ्ग) निवारण ऐन, २०६४,
६. धितोपत्र सम्बन्धी ऐन, २०६३,
७. सुरक्षित कारोवार ऐन, २०६३,
८. करार ऐन, २०५६,

९. धितोपत्र नियमावली, २०७३

१०. श्रम ऐन, २०७४,

११. उपरोक्त ऐनहरू बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरू,

१२. नेपाल राष्ट्र बैंकबाट जारी भएका निर्देशन तथा निर्देशिकाहरू,

१३. वित्तीय संस्थाले कारोवार सञ्चालनका लागि वनाएको सम्पूर्ण नियम, विनियम, कार्यविधि तथा निर्देशिकाहरू

१२. **आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरणः** यस वित्तीय संस्थाको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरू राष्ट्रियस्तरको पत्र-पत्रिकामा प्रकाशित हुंदै आएको छन् भने वित्तीय संस्थाको वेवसाइट www.ddbank.org.np मा समेत प्रकाशित गरिएको छ ।

१३. **वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगानाः**

श्री शेषरमण आचार्य (प्रमुख कार्यकारी अधिकृत)

डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड कर्पोरेट कार्यालय सितापाईला, काठमाण्डौ फोन : ०१-५३८८६५०/केन्द्रीय कार्यालय भरतपुर, चितवन, फोन : ०५६-५२७९००

१४. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक नियमले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरणः** यस वित्तीय संस्थाले लघुवित्त सम्बन्धी कार्य गर्दै आइरहेको छ तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको छैन ।

१५. **सार्वजनिक निकायको वेवसाइट भए सो को विवरणः** www.ddbank.org.np

१६. **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान, एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः** हालसम्म यस वित्तीय संस्थाले कुनै वैदेशिक सहायता, ऋण, अनुदान, एवं प्राविधिक सहयोग लिएको छैन ।

१७. **सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदनः** यस वित्तीय संस्थाले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशित हुदै आइरहेको छ भने संस्थाको वेवसाईट www.ddbank.org.np मा समेत रहेको छ ।

१८. **सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामसारी र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः** सूचना वर्गिकरण गरिएको छैन ।

१९. **सार्वजनिक निकायमा परेका सूचनामा माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः** यस वित्तीय संस्थामा कुनै निवेदन प्राप्त नभएको ।

२०. **सार्वजनिक निकायमा सूचनाहरू अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरणः** यस वित्तीय संस्थाको वार्षिक आर्थिक प्रतिवेदनहरू पुस्तकको रूपमा प्रकाशित भई संस्थाको वेवसाइटमा समेत प्रकाशन गरिएको छ । साथै वित्तीय संस्थाको त्रैमासिक(आर्थिक) विवरण विभिन्न राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशित गरी संस्थाको वेवसाईट www.ddbank.org.np मा समेत प्रकाशित गरिदै आएको छ ।